# बर्दिवास नगरपालिकाको आर्थिक ऐन २०७७

**प्रस्तावनाः** बर्दिवास नगरपालिकाको आर्थिक वर्ष २०७७।७८ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम नगर सभाले यो ऐन बनाएको छ ।

१। **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७७" रहेको छ ।

(१) यो ऐन १ साल श्रावण १ गतेदेखि बर्दिवासनगरपालिका क्षेत्रमा लागू हुनेछ ।

२। **सम्पति करः** नगरपालिकाका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३। **भूमि कर (मालपोत)** नगरपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४। **घर वहाल करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५। **व्यवसाय करः** नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६। **जडिबुटी, कवाडी र जीवजन्तु करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेको हकमा आर्थिक ऐनमा भएको व्यवस्था भए अनुसार कर लगाइने र असूल उपर गरिनेछ ।

७। **सवारी साधन कर** : नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (५) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८। **विज्ञापन करः** नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (६) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९। **मनोरन्जन करः** नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (७) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०। **बहाल बिटौरी एवं हाट बजार कर** : नगरपालिका क्षेत्रभित्रका आफुले निर्माण, रेखदेख वा संचालन गरेका तथा आफ्नो अधिकार क्षेत्रभित्रका अनुसूचि (८) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी तथा कर लगाइने र असूल उपर गरिनेछ ।

११। **पार्किङ शुल्कः** नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (९) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२। **सेवा शुल्क तथा दस्तुरः** नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि १० मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३। **पर्यटन शुल्कः** नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट प्रयटकीय क्षेत्रको व्यवस्थापन भैसकेपछि निर्णय गरी निश्चित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१४। **बिटौरी कर** :- दर्ता छुट जग्गामा बनेको घर तथा त्यस्तो जग्गामा अनुसूचि ११ मा उल्लेख भए अनुसार कर असुल गरिनेछ।

१५। **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।तर कार्यविधिमा उल्लेख गरी तोकिदिएको दरमा कर छुट दिन भने बाधा पर्ने छैन ।

१६। **दर्ता तथा नविकरण दस्तुरः** व्यक्तिगत घटना दर्ता वापत नगरपालिकाले तोके बमोजिम अनुसुची १६ अनुसारको दस्तुर लगाईने र असुल गरिनेछ ।

१७। **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि नगरपालिकाले तोके अनुसार हुने छ ।

अनुसूचिः १

आर्थिक ऐनको दफा २ बमोजिम तपसिल बमोजिमको सम्पत्ती कर लगाई असुल गरिनेछ।

## सम्पत्ति कर

| **कर योग्य सम्पत्तिको मूल्य** | **वार्षिक दर** |
|---|---|
| पाँच लाख रुपैया सम्मको मूल्यांकनमा | एक मुष्ठ रु.५० (पचास) |
| पचास लाख रुपैयाँ सम्म | प्रति लाख रु.१० (दश) |
| एकाउन्न लाख देखि एक करोड रुपैया सम्म | प्रति लाख रु.२० (बीस) |
| एक करोड एक लाख देखि दुई करोड रुपैया सम्म | प्रति लाख रु.२५ (पच्चीस) |
| दुई करोड एक लाख रुपैया देखि तिन करोड रुपैया सम्म | प्रति लाख रु.३०(तीस) |
| तिन करोड एक लाख रुपैया देखि पाच करोड रुपैया सम्म | प्रति लाख रु.४५ (पैतालिस) |
| पाच करोड भन्दा माथि | प्रति लाख रु.५० (पचास) |

नोट : मुल्यांकन रकमलाई रु. लाखमा(round figure) मा परिणत गरी करको दर निर्धारण हुनेछ।

**माथि उल्लेखित दरको आधारमा लाग्ने करको उदाहरणः**

| **मुल्यांकन लाखमा** | **करको दर प्रति लाखमा** | **कर रकम** |
|---|---|---|
| ५० | १० | ५०० |
| १०० | २० | २००० |
| २०० | २५ | ५००० |
| ३०० | ३० | ९००० |
| ५०० | ४५ | २२५०० |
| १००० | ५० | ५०००० |
| १५०० | ५० | ७५००० |

अनूसुचि : २

आर्थिक ऐनको दफा ३ बमोजिम तपसिल बमोजिमको भूमि कर (मालपोत) लगाई असुल गरिनेछ ।

**मालपोत तथा भूमीकर**

क) पूर्व पश्चिम राजमार्गको भप्सी खोला पूर्व दाहाल्नी पुल सम्म सडकको दाया बाया र बनेपा-सिन्धुली-बर्दिवास मार्ग वडा नं.३ को सिमान सम्म का साथै औरही रोड वडा नं. १ को सिमाना सम्म कालोपत्रे सडकले छोएका व्यवसायिक घडेरीहरु प्रतिकट्ठा रु. २००।००

ख) आवास प्रयोजन घडेरीहरु

बजार क्षेत्र भित्र आवास प्रतिकट्ठा रु. १००।००

ग्रामीण क्षेत्र प्रतिकट्ठा रु. ५०।००

**ग) बजार क्षेत्रका वरिपरिका जमिनहरु**

| **ईकाई** | **रु.** |
|---|---|
| डेढ विगाहा सम्मको प्रति कट्ठा | ३०।०० |
| डेढ विगाहा माथि ३ विगाहा प्रति कट्ठा | ३५।०० |
| ३ विगाहा माथि प्रति कट्ठा | ५०।०० |

**घ) ग्रामीण क्षेत्रका खेतियोग्य जमिनहरु**

| **ईकाई** | **रु** |
|---|---|
| डेढ विगाहा सम्मको प्रति कट्ठा | १०।०० |
| डेढ विगाहा माथि ३ विगाहा प्रति कट्ठा | १५।०० |
| ३ विगाहा माथि प्रति कट्ठा | २५।०० |

**अनुसूचि : ३**

आर्थिक ऐनको दफा ४ बमोजिम तपसिल बमोजिमको घर बहाल कर लगाई असुल गरिनेछ ।

**बहाल कर :**

| **सि.नं.** | **विवरण** | **रकम** |
|---|---|---|
| १ | व्यक्तिलाई बहालमा दियको हकमा घर धनीबाट बहाल रकमको (सम्झौता अनुसार) | ५% |
| २ | संघ/संस्थालाई बाहालमा दिएको हकमा सम्झौता रकमको घर धनीबाट | १० % |

अनूसचि : ४

आर्थिक ऐनको दफा ५ बमोजिम तपसिल बमोजिमको व्यावसाय कर लगाई असुल गरिनेछ ।

**व्यवसाय कर :**

| सि.नं. | विवरण | **आ.व.०७७।७८ को लागि ब्याबसाय करका दरहरु** |
|---|---|---|
| व्यापारीक बस्तू | | |
| **१** | **मदिरा पसल** | |
| | रक्सी, वियर, मदिरा पसल क | 7500/00 |

| सि.नं. | विवरण | आ.व.०७७।७८ को लागि ब्याबसाय करका दरहरु |
|---|---|---|
| | रक्सी, वियर, मदिरा पसल ख | 5000/00 |
| | रक्सी, वियर, मदिरा पसल ग | 2500/00 |
| २ | **सूर्ती जन्य (धुम्रपान पसल)** | |
| | चूरोट, विडी, सुर्तीजन्य पदार्थको पसल क | 7500/00 |
| | चूरोट, विडी, सुर्तीजन्य पदार्थको पसल ख | 2000/00 |
| | चूरोट, विडी, सुर्तीजन्य पदार्थको पसल ग | 1500/00 |
| ३ | **हल्का पेय पदार्थ पसल** | |
| | हल्का पेय पदार्थको पसल क | 2000/00 |
| | हल्का पेय पदार्थको पसल ख | 1200/00 |
| | हल्का पेय पदार्थको पसल ग | 800÷00 |
| ४ | **सुन चांदी पसल** | |
| | सून चांदी पसल श्रेणी क | 5000/00 |
| | सून चांदी पसल श्रेणी ख | 3000/00 |
| | सून चांदी पसल श्रेणी ग | 1500/00 |
| ५ | **औषधी व्यवसाय** | |
| | औषधी पसल क | 5000/00 |
| | औषधी पसल ख | 3500/00 |
| | औषधी पसल ग | 2000/00 |
| | औषधी पसल | 1200/00 |
| ६ | **आयूर्वेदिक औषधी पसल/एग्रोभेट** | |
| | हर्वल उत्पादन तथा आयूर्वेदिक औषधी पसल क | 3000/00 |
| | हर्वल उत्पादन तथा आयूर्वेदिक औषधी पसल ख | 2000/00 |
| | हर्वल उत्पादन तथा आयूर्वेदिक औषधी पसल ग | 1000/00 |
| | एग्रोभेट पसल क | 4000/00 |
| | एग्रोभेट पसल ख | 2000/00 |
| | एग्रोभेट पसल ग | 1500/00 |
| ७ | **स्टेशनरी तथा पूस्तक पसल** | |
| | स्टेशनरी तथा पूस्तक क | 3000/00 |
| | स्टेशनरी तथा पूस्तक ख | 2000/00 |
| | स्टेशनरी तथा पूस्तक ग | 1500/00 |
| | मुद्रण सामाग्री खरिद बिक्री तथा कापी उद्योग | 4000/00 |
| ८ | **डिपार्टमेन्टल पसल** | |
| | डिपार्टमेन्टल पसल/सपिङ सेन्टर श्रेणी क | 7500/00 |
| | डिपार्टमेन्टल पसल/सपिङ सेन्टर श्रेणी ख | 5000/00 |
| | डिपार्टमेन्टल पसल/सपिङ सेन्टर श्रेणी ग | 2000/00 |
| ९ | **कस्मेटिक पसल** | |
| | कस्मेटिक थोक पसल श्रेणी क | 2000/00 |
| | कस्मेटिक खुद्रा पसल श्रेणी ख | 1200/00 |
| | कस्मेटिक खुद्रा पसल श्रेणी ग | 1000/00 |
| १० | **मोटर पार्ट तथा बोडी विल्डर्स सामान विक्री** | |
| | मोटर पार्टस सामान विक्री श्रेणी क | 5000/00 |

| सि.नं. | विवरण | आ.व.०७७७८ को लागि ब्याबसाय करका दरहरु |
|---|---|---|
| | मोटर पार्टस सामान विक्री श्रेणी ख | 4000/00 |
| | मोटर पार्टस सामान विक्री श्रेणी ग | 2500/00 |
| | बोडी विल्डर्स सामान विक्री श्रेणी क | 3000/00 |
| | बोडी विल्डर्स सामान विक्री श्रेणी ख | 2000/00 |
| | बोडी विल्डर्स सामान विक्री श्रेणी ग | 1500/00 |
| ११ | **लूब्रिकेसन सेक्सन तर्फ (आयल निगम)** | |
| | लूब्रिकेसन पसल क | 3000/00 |
| | लूब्रिकेसन पसल ख | 2000/00 |
| | लूब्रिकेसन पसल ग | 1500/00 |
| १२ | **प्लाई तथा ग्लास हाउस** | |
| | प्लाई तथा ग्लास हाउस पसल क | 3000/00 |
| | प्लाई तथा ग्लास हाउस पसल ख | 2000/00 |
| | प्लाई तथा ग्लास हाउस पसल ग | 1500/00 |
| १३ | **कपडा तथा फेन्सी पसल** | |
| | कपडा,फेन्सी तथा व्याग पसल श्रेणी क | 3000/00 |
| | कपडा,फेन्सी तथा व्याग पसल श्रेणी ख | 1500/00 |
| | कपडा,फेन्सी तथा व्याग पसल श्रेणी ग | 1200/00 |
| १४ | **धागो टांक फस्नर थोक पसल** | |
| | धागो, टांक, फस्नर पसल क | 1500/00 |
| | धागो, टांक, फस्नर पसल ख | 1200/00 |
| | धागो, टांक, फस्नर पसल ग | 1000/00 |
| १५ | **इलेक्ट्रोनिक विक्री पसल** | |
| | **इलेक्ट्रोनिक** सामानको पसल श्रेणी क | 4000/00 |
| | **इलेक्ट्रोनिक** सामानको पसल श्रेणी ख | 3000/00 |
| | **इलेक्ट्रोनिक** सामानको पसल श्रेणी ग | 2000/00 |
| | **इलेक्ट्रोनिक** पसल | 1500/00 |
| | अडियो, भिडियो क्यासेट पसल क | 1500/00 |
| | अडियो, भिडियो क्यासेट पसल ख | 1000/00 |
| | अडियो, भिडियो क्यासेट पसल ग | 800/00 |
| १६ | **विद्युत सामाग्री पसल** | |
| | विद्युत सामाग्री पसल क | 2500/00 |
| | विद्युत सामाग्री पसल ख | 2000/00 |
| | विद्युत सामाग्री पसल ग | 1500÷00 |
| १७ | **हार्ड वेयर/मेशिनरी/पेन्ट/सेनेटरी तथा मार्बल पसल** | |
| | **हार्ड वेयर/मेशिनरी/पेन्ट/सेनेटरी तथा मार्बल पसल** श्रेणी क | 7500/00 |
| | **हार्ड वेयर/मेशिनरी/पेन्ट/सेनेटरी तथा मार्बल पसल** श्रेणी ख | 5000/00 |
| | **हार्ड वेयर/मेशिनरी/पेन्ट/सेनेटरी तथा मार्बल पसल** श्रेणी ग | 3000/00 |
| १८ | **पेट्रोलियम पदार्थ तथा ग्यास** | |
| | पेट्रोलियम पदार्थ ३ पम्प वा सो भन्दा माथि | 7000/00 |
| | पेट्रोलियम पदार्थ २ वटा पम्प भएको | 5000/00 |
| | पेट्रोलियम पदार्थ १ मात्र पम्प भएको | 3000/00 |
| | पेट्रोलियम पदार्थ पम्प नभएको डिलर | 1500/00 |

| सि.नं. | विवरण | आ.व.०७७/७८ को लागि ब्यावसाय करका दरहरु |
|---|---|---|
| | ग्यांस सिलिण्डर डिलर सब डिलर | 1500/00 |
| १९ | **स्टील, आल्मूनियमको पसल** | |
| | स्टील, आल्मूनियमको पसल क | 3000/00 |
| | स्टील, आल्मूनियमको पसल ख | 2500/00 |
| | स्टील, आल्मूनियमको पसल ग | 2000÷00 |
| २० | **फर्निशङ्ग पसल** | |
| | फ्लोरिङ तथा फर्निशर्स पसल क | 4000/00 |
| | फ्लोरिङ तथा फर्निशर्स पसल ख | 2500/00 |
| | फ्लोरिङ तथा फर्निशर्स पसल ग | 2000÷00 |
| २१ | **सवारी साधन एजेन्सी तथा थोक विक्री पसल** | |
| | बस,ट्रक, ट्याक्टर जिप,कार विकि | 10000/00 |
| | मोटरसाइकल/अटो डिलर | 7000/00 |
| | मोटरसाइकल अन्य सवारी साधनको विकि डिलर (स्वदेशी उत्पादन) | |
| | इलेक्ट्रिक साईकल तथा साइकल पसल क | 2500/00 |
| | इलेक्ट्रिक साईकल तथा साइकल पसल ख | 2000/00 |
| | इलेक्ट्रिक साईकल तथा साइकल पसल ग | 1500/00 |
| २२ | **थोक तथा एजेन्सी** | |
| | टायर डिलर | 3000/00 |
| | पम्पिङ्गसेट, जेनेरेटर डिलर | 2500/00 |
| | विविध विषयका सामान सप्लायर्स तथा एजेन्सीहरु | 2500/00 |
| २३ | **खाद्यान्न तथा किराना पसल** | |
| | खाद्यान तथा किराना क | 3000/00 |
| | खाद्यान तथा किराना ख | 2000/00 |
| | खाद्यान तथा किराना ग | 1500/00 |
| | भित्री सडकमा रहेका साना किराना पसल | 1000/00 |
| | आलु, प्याज, लसून, अदुवा थोक पसल | 2000/00 |
| २४ | **फलफूल पसल** | |
| | फलफुल पसल क | 2000/00 |
| | फलफुल पसल ख | 1000/00 |
| | फलफुल पसल ग | 800/00 |
| २५ | **सागसब्जी पसल** | |
| | सागसब्जी पसल क | 1500/00 |
| | सागसब्जी पसल ख | 1000/00 |
| | सागसब्जी पसल ग | 500/00 |
| २६ | **कपडा -थान पसल** | |
| | कपडा थान पसल क | 3000/00 |
| | कपडा थान पसल ख | 2000/00 |
| | कपडा थान पसल ग | 1500/00 |
| | ग्रामीणक्षेत्रको पसल श्रेणी क | 1000/00 |
| | ग्रामीणक्षेत्रको पसल श्रेणी ख | 700/00 |
| | ग्रामीणक्षेत्रको पसल श्रेणी ग | 500/00 |

| सि.नं. | विवरण | आ.व.०७७।७८ को लागि ब्याबसाय करका दरहरु |
|---|---|---|
| २७ | **मोवाईल विक्रि पसल** | |
| | मोवाईल विक्रि पसल क | 3000/00 |
| | मोवाईल विक्रि पसल ख | 2000/00 |
| | मोवाईल विक्रि पसल ग | 1500/00 |
| २८ | **रेडियो घडी पसल** | |
| | रेडियो घडी पसल | 1000/00 |
| **बिशेषज्ञ परामर्श तथा अन्य व्यवसायिक सेवा** | | |
| २९ | **चिकित्सक** | |
| | निजी सेवा संचालन गर्ने कन्सल्टेण्ट डाक्टर | 2500/00 |
| | निजी सेवा संचालन गर्ने मेडिकल अफिसर | 2000/00 |
| | कबिराज | 1500/00 |
| ३० | **कन्सल्ट्यान्ट सेवा** | |
| | इन्जिनियरिङ परामर्श सेवा फर्म | 2500/00 |
| ३१ | **कानुन व्यवसायी** | |
| | ल फर्म तथा कानुन परामर्श सेवा | 2000/00 |
| ३२ | **लेखा परीक्षण व्यवसाय तर्फ** | |
| | लेखा परीक्षण (सि.ए.) | 2500/00 |
| | लेखा परीक्षण (र.ले.प) | 1500/00 |
| ३३ | **दन्त चिकित्सा सेवा** | |
| | डेन्टल होम सेवा | 2500/00 |
| | दन्त चिकित्सा सेवा | 1500/00 |
| ३४ | **अनुसन्धानकर्ता तथा सेवा परामर्श दाता** | |
| | अनुसन्धानकर्ता | 2000/00 |
| | कम्प्यूटर एनालिस्ट तथा प्रोग्रमर | 1500/00 |
| | विमा एजेन्ट | 1500/00 |
| | सर्भेयर | 1500/00 |
| | नोटरी पव्लिक अनुवादक | 1500/00 |
| | पशू चिकित्सक | 1500/00 |
| | शेयर दलाल | 2000/00 |
| | ढुवानी कम्पनी तथा ट्रान्सपोर्ट व्यवसाय | 3000/00 |
| | संथागत पेन्टर | 5000/00 |
| **निर्माण व्यवसाय** | | |
| | स्वदेशी निर्माण व्यवसायी | 4000/00 |
| | विदेशी निर्माण व्यवसायी एवं परामर्श दाता | 10000/00 |
| ३३ | **भवन निर्माण व्यवसाय** | |
| | मिक्चर तथा सटरिङ्ग सामान भएकोलाई | 3500/00 |
| | सटरिङ्ग सामानमात्र भएको | 2500/00 |
| | भवन निर्माण व्यवसायी | 2000/00 |
| ३४ | **सटरिङ्ग व्यवसाय** | |
| | मिक्चर तथा सटरिङ्ग सामान भएको | 2500/00 |
| | सटरिङ्ग सामानमात्र भएको | 2000/00 |
| | वाटर ड्रिलिङ्ग | 1000/00 |

| सि.नं. | विवरण | आ.व.०७७।७८ को लागि ब्यावसाय करका दरहरु |
|---|---|---|
| उत्पादनमुलक उद्योग | | |
| ३५ | **प्लाष्टिक उद्योग / पसल** | |
| | प्लाष्टिक उद्योग | 5000/00 |
| | प्लाष्टिक जन्य सामाग्री पसल श्रेणी क | 3000/00 |
| | प्लाष्टिक जन्य सामाग्री पसल श्रेणी ख | 2000/00 |
| | प्लाष्टिक जन्य सामाग्री पसल श्रेणी ग | 1500/00 |
| ३६ | **चप्पल जुत्ता उद्योग / पसल** | |
| | चप्पल / जुत्ता उद्योग | 5000/00 |
| | चप्पल विक्रि विक्रि पसल श्रेणी क | 3000/00 |
| | चप्पल विक्रि विक्रि पसल श्रेणी ख | 2000/00 |
| | चप्पल विक्रि विक्रि पसल श्रेणी ग | 1500/00 |
| ३७ | **ग्रील उद्योग** | |
| | स्टील,आल्मूनियम ग्रील उद्योग | 4000/00 |
| | फलामको ग्रील उद्योग | 3000/00 |
| ३८ | **साबून उद्योग तथा विक्रि पसल** | |
| | साबुन उद्योग | 3000/00 |
| | साबुन विकि पसल श्रेणी क | 2000/00 |
| | साबुन विकि पसल श्रेणी ख | 1000/00 |
| | साबुन विकि पसल श्रेणी ग | |
| ३९ | **पशूपालन तथा पशू आहार उद्योग** | |
| | पशु आहर उद्योग | 1500/00 |
| | पशु आहर बिक्री श्रेणी क | 1000/00 |
| | पशु आहर बिक्री श्रेणी ख | 800/00 |
| | पशु आहर बिक्री श्रेणी ग | 500/00 |
| ४० | **घरेलु कुटिर उद्योग** | |
| | अगर बत्ती उद्योग | 800/00 |
| | मैन बत्ती उद्योग | 800/00 |
| | टिकी उद्योग | 800/00 |
| | अचार उद्योग | 800/00 |
| | अन्य कूटिर उद्योग | 800/00 |
| ४१ | **कपडा तथा गार्मेन्ट उद्योग** | |
| | कपडा उद्योग | 5000/00 |
| | गारमेन्ट उद्योग | 4000/00 |
| | ज्याकेट तथा ब्याग उद्योग | 3000/00 |
| | होजियारी तथा धागो उद्योग | 2000/00 |
| | सिरक डसना उद्योग/पसल | 1500/00 |
| | ढाका उद्योग | 1500/00 |
| ४२ | **छाता उद्योग** | |
| | छाता उद्योग | 3000/00 |
| ४३ | **सलाई उद्योग** | |
| | सलाई उद्योग | 2000/00 |

| सि.नं. | विवरण | आ.व.०७७७८ को लागि ब्याबसाय करका दरहरु |
|---|---|---|
| ४४ | **पेय पदार्थ उत्पादन उद्योग,** | |
| | मिनरल वाटर उद्योग | 5000/00 |
| | पिउने पानी सप्लायर्स | 4000/00 |
| | आइस बरफ उद्योग | 1000/00 |
| | आइसक्रीम उद्योग | 2500/00 |
| | सोडा उद्योग | 1000/00 |
| ४५ | **भांडा उद्योग** | |
| | कांस,तामा, पित्तल, भाडा उद्योग | 4000/00 |
| | आल्मुनियम भाडा उद्योग | 3000/00 |
| | पलास्टीक भाडा उद्योग | 2500/00 |
| | टिनको वाकस,बाल्टी,स्टोभ | 1500/00 |
| ४६ | **कूटानी, पेलानी मिल** | |
| | फलावर मिल | 3000/00 |
| | सेलर मिल | 2500/00 |
| | कूटानी, पेलानी मिल (हलर समेत) | 1500/00 |
| | चिउरा मिल | 1500/00 |
| | मसला उद्योग | 1000/00 |
| ४७ | **डेरी उद्योग** | |
| | डेरी उद्योग तथा विक्रि पसल | 2500/00 |
| | डेरी जन्य पदार्थ विक्रि पसल | 1500/00 |
| ४८ | **उपभोग्य बस्तु उत्पादन उद्योग** | |
| | कुकिज/पाउरोटी/नुडल्स उद्योग | 2500/00 |
| | कन्फेक्सनरी उद्योग | 2000/00 |
| | विस्कुट उद्योग | 2000/00 |
| | दालमोठ उद्योग | 1500/00 |
| ४९ | **रिकण्डिसन उद्योग** | |
| | फलाम कृषि औजार उद्योग | 2500/00 |
| | कागज, प्लाष्टिक रिकण्डिसन उद्योग | 2000/00 |
| ५० | **उर्जा मूलक उद्योग** | |
| | हाइड्रो पावर सम्बन्धी पार्ट उत्पादन | 5000/00 |
| | वायो ग्यास उद्योग | 4000/00 |
| | सौर्यशक्ति उत्पादन उद्योग | 3000/00 |
| | मर्मत संमार पार्ट बिक्री | 1500/00 |
| ५१ | **कृषि तथा बनजन्य उद्योग** | |
| | कृषि तथा पशूपंछि फर्म श्रेणी क | 3000/00 |
| | कृषि तथा पशूपंछि फर्म श्रेणी ख | 2000/00 |
| | कृषि तथा पशूपंछि फर्म श्रेणी ग | 1500/00 |
| | समिल तथा फर्निचर उद्योग | 7000/00 |
| | समिल/प्लाइउड उद्योग | 5000/00 |
| | काठ विक्री डिपो | 4000/00 |
| | काठको फर्निचर उद्योग | 3500/00 |

| सि.नं. | विवरण | आ.व.०७७/७८ को लागि ब्याबसाय करका दरहरु |
|---|---|---|
| | काठको फर्निचर शोरुम श्रेणी क | 3000/00 |
| | काठको फर्निचर शोरुम श्रेणी ख | 2500/00 |
| | काठको फर्निचर शोरुम श्रेणी ग | 2000/00 |
| | बेतबांसको उद्योग/व्याम्बो शोरुम | 1500/00 |
| **खनिज उद्योग** | | |
| ५२ | **कंक्रिट उद्योग** | |
| | कंक्रिट ब्लक | 3000/00 |
| | क्रसर उद्योग | 20000/00 |
| | सेनेटरी उद्योग तथा व्यवसाय | 2500/00 |
| | ईटा उद्योग | 15000/00 |
| | टाली उद्योग | 2000/00 |
| | टाली/ब्लक उद्योग | 2500/00 |
| **पर्यटन उद्योग** | | |
| ५३ | **होटल लज एण्ड रेष्टुरेण्ट** | |
| | पार्टी प्यालेस | 7000/00 |
| | होटल लज एण्ड रेष्टुरेण्ट | 20000/00 |
| | होटल एण्ड लज श्रेणी क | 5000/00 |
| | होटल एण्ड लज श्रेणी ख | 4000/00 |
| | होटल एण्ड लज श्रेणी ग | 3000/00 |
| | दोहरी सांझ | 2000/00 |
| | फास्टफुट तथा क्याफे | 2000/00 |
| | रेष्टुरेण्ट | 2000/00 |
| | होटल,भोजनालय | 2000/00 |
| | होटल एण्ड रेष्टुरेन्ट | 2000/00 |
| ५४ | **मिष्ठान/क्याटरिङ्ग पसल** | |
| | मिष्ठान पसल श्रेणी क | 2500/00 |
| | मिष्ठान पसल श्रेणी ख | 2000/00 |
| | मिष्ठान पसल श्रेणी ग | 1000/00 |
| | क्याटरिङ्ग | 1500/00 |
| | चिया तथा कफि पसल | 700/00 |
| ५५ | **टेण्ट हाउस** | |
| | विजुली डेकोरेशन/बैण्ड बाजा सहितको टेण्ट हाउस | 4000/00 |
| | विजुली डेकोरेशन सहितको टेण्ट हाउस | 2000/00 |
| | विजुली डेकोरेशन रहितको टेण्ट हाउस | 1500/00 |
| | टेण्ड हाउस | 1500/00 |
| **सेवा उद्योग** | | |
| ५६ | **छापाखाना** | |
| | अफसेट प्रेस | 3000/00 |
| | स्किन प्रिन्ट प्रेश | 2000/00 |
| | लेटर प्रिन्ट प्रेश | 1500/00 |
| ५७ | **सिनेमा हल** | |
| | सिनेमा हल | 4000/00 |

| सि.नं. | विवरण | आ.व.०७७।७८ को लागि ब्यावसाय करका दरहरु |
|---|---|---|
| | फिल्म डिस्ट्रिव्यूटर्स | 3000/00 |
| ५८ | **कलरल्याव सेवा** | |
| | कलरल्याव सेवा | 3000/00 |
| | भिडियो मिक्सिङ | 2500/00 |
| | फोटो स्टुडियो सेवा | 2000/00 |
| **संचार सेवा** | | |
| | टेलिफोन ,मोवाईल सेवा प्रदायक कम्पनी लाई | 15000/00 |
| | टि.भि. च्यानल प्रशारण सेवा | 5000/00 |
| | केबुल च्यानल प्रशारण सेवा | 5000/00 |
| | एफ.एम.प्रशारण सेवा | 1500/00 |
| | पत्रपत्रिका प्रकाशन सेवा | 1500/00 |
| ६० | **कम्यूनिकेशन सेवा** | |
| | टुर एन्ड टाभल्स सेवा/बूकिंग काउन्टर सेवा | 2000/00 |
| | फोटोकपि/पी.सी.ओ.साइवर क्याफे सेवा | 1500/00 |
| | कूरियर सेवाको मूख्य कार्यालय | 1500/00 |
| | कूरियर सेवाको शाखा कार्यालय | 1000/00 |
| **बित्तीय सेवा** | | |
| | बाणिज्य बैंक मूख्य कार्यालय क श्रेणी | 30000/00 |
| | वाणिज्य वैंक प्रति शाखा कार्यालय क | 20000/00 |
| | बिकास बैंक मूख्य कार्यालय | 25000/00 |
| | विकास वैंक प्रति शाखा कार्यालय | 15000/00 |
| | फाइनान्स कम्पनी मूख्य कार्यालय | 20000/00 |
| | फाइनान्स कम्पनी प्रति शाखा कार्यालय | 10000/00 |
| | लघूवित्त कम्पनीहरु | 5000/00 |
| | विमा कम्पनीहरु | 7000/00 |
| | रेमिटान्स तथा मनी एक्सचेन्जर | 2000/00 |
| | वित्तीय सहकारी संस्था | 2000/00 |
| **स्वास्थ सेवा** | | |
| ६२ | **स्वास्थ्य सेवा व्यवसाय** | |
| | गैह्र सरकारी अस्पताल | 7500/00 |
| | नर्सिङ्गहोम | 4000/00 |
| | एम.आर.आइ., सि.टि.स्क्यान, अल्ट्रा साउण्ड क्लिनिक | 2500/00 |
| | पोली क्लिनिक | 2000/00 |
| | प्याथोलोजी (दिशा,पिसाव,रगत,जांच) क्लिनिक | 2000/00 |
| | अक्यूपन्चर,फिजियो थेरापी, स्वास्थ क्लिनिक | 1500/00 |
| | एक्सरे क्लिनिक | 1500/00 |
| | सर्जिकल सेवा | 2500/00 |
| | चश्मा पसल | 1500/00 |
| शिक्षा सेवा | | |
| ६३ | **निजी शिक्षालय** | |
| | क्याम्पस/उच्च माध्यमिक विद्यालय | 7000/00 |

| सि.नं. | विवरण | आ.व.०७७।७८ को लागि ब्यावसाय करका दरहरु |
|---|---|---|
| | माध्यमिक विद्यालय | 5000/00 |
| | निम्न माध्यमिक विद्यालय | 3000/00 |
| | प्राथमिक विद्यालय / मन्टेश्वरी तथा शिशु स्याहर केन्द्र | 2000/00 |
| | छात्र / छात्रावास | 2000/00 |
| ६४ | **इन्स्टिच्युट,तालिम तथा अनुसन्धान केन्द्र** | |
| | पोली टेक्निकल इन्स्टिच्यूट, प्रशिक्षण समेत | 3000/00 |
| | नर्सिङ्ग, सिए.मए.ए. र एच.ए. प्रशिक्षण समेत | 4000/00 |
| | एजूकेशनल कन्सल्टेन्सी सेवा | 2000/00 |
| | कम्प्युटर/ईलेक्ट्रो.तालिम केन्द्र | 1500/00 |
| | सवारी चालक तालीम केन्द्र | 2500/00 |
| | भाषा शिक्षा इन्स्टिच्यूट,कोचिङ्ग सेन्टर | 1500/00 |
| ६५ | **अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरु** | |
| | अन्तराष्ट्रिय संस्था (व्यवसायिक कारोबार गर्ने) | 3000/00 |
| | राष्ट्रिय संस्था | 2500/00 |
| **मर्मत तथा संभार सेवा** | | |
| ६६ | **बोडी बिल्डर्स सेक्सन तर्फ** | |
| | नयां बोडी बनाउने श्रेणी क | 5000/00 |
| | नयां बोडी बनाउने श्रेणी ख | 4000/00 |
| | नयां बोडी बनाउने श्रेणी ग | 3000/00 |
| | बोडी मर्मत गर्ने | 3000/00 |
| ६७ | **लेथ सेक्सन तर्फ** | |
| | लेथ सेक्सन श्रेणी क | 3000/00 |
| | लेथ सेक्सन श्रेणी ख | 2000/00 |
| | लेथ सेक्सन श्रेणी ग | 1500/00 |
| ६८ | **टायर सेक्सन तर्फ** | |
| | टायर डिलर श्रेणी क | 2500/00 |
| | टायर रिसोलिङ्ग श्रेणी ख | 2000/00 |
| | टायर रिसोलिङ्ग श्रेणी ग | 1500/00 |
| | टायर पन्चर मर्मत | 1000/00 |
| ६९ | **ईन्जिन मर्मत सेक्सन तर्फ** | |
| | ईन्जिन मर्मत श्रेणी क | 3000/00 |
| | ईन्जिन मर्मत श्रेणी ख | 2000/00 |
| | ईन्जिन मर्मत श्रेणी ग | 1500/00 |
| ७० | **पेन्टिङ्ग/डेन्टिङ्ग/वेल्डिंग सेक्सन तर्फ** | |
| | डेन्टिङ्ग/पेन्टिङ्ग/वेल्डिङ्ग सेवा | 2000/00 |
| | डेन्टिङ्ग सेवा | 1500/00 |
| | पेन्टिङ्ग सेवा | 1500/00 |
| | वेल्डिङ्ग सेवा | 1500/00 |
| ७१ | **पम्प सेक्सन मर्मत तर्फ** | |
| | पम्प सेक्सन मर्मत श्रेणी क | 2500/00 |
| | पम्प सेक्सन मर्मत श्रेणी ख | 2000/00 |

| सि.नं. | विवरण | आ.व.०७७।७८ को लागि ब्याबसाय करका दरहरु |
|---|---|---|
| | पम्प सेक्सन मर्मत श्रेणी ग | 1500/00 |
| ७२ | **व्याट्री/इलेक्ट्रिक सेक्सन तर्फ** | |
| | व्याट्री/इलेक्ट्रिक सेक्सन श्रेणी क | 2000/00 |
| | व्याट्री/इलेक्ट्रिक सेक्सन श्रेणी ख | 1500/00 |
| | व्याट्री/इलेक्ट्रिक सेक्सन श्रेणी ग | 1000/00 |
| ७३ | **वासिङ्ग सेक्सन तर्फ श्रेणी** | |
| | वासिङ्ग सेक्सन श्रेणी क | 2000/00 |
| | वासिङ्ग सेक्सन श्रेणी ख | 1500/00 |
| | वासिङ्ग सेक्सन श्रेणी ग | 1000/00 |
| ७४ | **रिक्सा, साइकिल** | |
| | रिक्सा साइकिल विक्री पसल | 2000/00 |
| | रिक्सा, साइकिल मर्मत तथा पार्टस बिक्री पसल | 1500/00 |
| ७५ | **अटो सम्बन्धी अन्य सेवा** | |
| | मोटर साइकल मर्मत ` | 2500/00 |
| | कमानी पट्टा मर्मत | 1500/00 |
| | रेडियटर मर्मत | 800/00 |
| | सिट मेकिंग तथा ग्रिसिंग सेवा | 800/00 |
| | हेड मर्मत सेक्सन | 800/00 |
| ७६ | **अन्य मर्मत सेवा** | |
| | टि.भी.,डेक,फ्रिज,कम्प्यूटर, मर्मत पसल | 2000/00 |
| | मोर्वाइल मर्मत पसल | 1500/00 |
| | रेडियो, घडी मर्मत पसल | 500/00 |
| | अन्य मर्मत पसल | 500/00 |
| ७७ | **कवाडी पसल** | |
| | श्रेणी क | 5000/00 |
| | श्रेणी ख | 3500/00 |
| | श्रेणी ग | 2500/00 |
| अन्य सेवा | | |
| ७८ | **वैदेशिक रोजगार सेवा परामर्श दाता** | |
| | वैदेशिक रोजगार सेवा परामर्श दाता | 5000/00 |
| | वैदेशिक रोजगार परामर्श सेवा शाखा कार्यालय | 3000/00 |
| | सेवा परामर्श दाता | 2000/00 |
| | श्रमिक सेवा परामर्श दाता | 1000/00 |
| | सामान सहित श्रमिक सेवा परामर्श दाता | 2000/00 |
| ७९ | **ड्राइक्लिनिक,सैलून तथा ब्यूटीपार्लर** | |
| | ब्यूटी पार्लर सेवा ब्यूटिसियन तालिम सहितको | 2000/00 |
| | ब्यूटी पार्लर सेवा | 1000/00 |
| | कालिगढ सहितको सैलुन सेवा | 1200/00 |
| | अन्य सैलुन सेवा | 1000/00 |
| | ड्राइक्लिनिक सेवा | 1000/00 |
| ८० | **साईन वोर्ड आर्ट व्यवसाय** | |

| सि.नं. | विवरण | आ.व.०७७।७८ को लागि ब्यावसाय करका दरहरु |
|---|---|---|
| | डिजिटल आर्ट ब्यवसाय | 1000/00 |
| | अन्य आर्ट ब्यवसाय | 1000/00 |
| ८१ | **पशुबधशला** | |
| | पशुबधशला | 3000/00 |
| | पशुको छाला संकलन तथा विक्रि केन्द्र | 2000/00 |
| ८२ | **माछा, मासू विक्री पसल** | |
| | माछा,मासु मध्ये कम्तिमा ३ वटा सेवा एकै ठाउंमा भएको | 2500/00 |
| | माछा,मासु मध्ये कम्तिमा २ वटा सेवा एकै ठाउंमा भएको | 2000/00 |
| | कुनै एक प्रकारको मासु बिकी पसल | 1000/00 |
| | ताजा माछा, सिद्रा विक्री पसल | 1000/00 |
| | अण्डा विक्री पसल | 1000/00 |
| ८३ | **फूल बिरुवा विक्री पसल** | |
| | नर्सरी | 1000/00 |
| | फुल विक्री पसल | 500/00 |
| ८४ | **स्नूकर/पूल हाउस** | |
| | स्नुकर तथा पुल दुवै भएको | 1500/00 |
| | स्नुकर | 1000/00 |
| | पुल हाउस | 1000/00 |
| ८५ | **भांडा पसल, किचन सामाग्री** | |
| | भांडा तथा किचन सामाग्री पसल श्रेणी क | 3000/00 |
| | भांडा तथा किचन सामाग्री पसल श्रेणी ख | 2000/00 |
| | भांडा तथा किचन सामाग्री पसल श्रेणी ग | 1500/00 |
| ८६ | **खेलौना, गिफ्ट तथा फोटो प्रेम पसल** | |
| | खेलौना तथा गिफ्ट पसल | 1500/00 |
| | खेलौना पसल | 1200/00 |
| | फोटो फ्रेम पसल | 1000/00 |
| ८७ | **सिलाई मेसिन मर्मत तथा सिलाई पसल** | |
| | सिलाई पसल श्रेणी क | 1500/00 |
| | सिलाई पसल श्रेणी ख | 1000/00 |
| | सिलाई पसल श्रेणी ग | 800/00 |
| | सिलाई मेसिन मर्मत पसल | 800/00 |
| | बूटिक ल्याब्रटोरी | 1000/00 |
| ८८ | **संगित तथा कला केन्द्र सेवा** | |
| | श्रेणी क | 1000/00 |
| | श्रेणी ख | 800/00 |
| ८९ | **१ लाख भन्दा कम पूजी लगानी भएको हकमा/माथि उल्लेख नभएका ब्यसायिको हकमा** | |
| | फेन्सी तथा कपडा पसलको हकमा | 800/00 |
| | किराना पसल एवं भाडा पसलको हकमा | 500/00 |
| | अन्य प्रकृतीका साना ब्यवसायीहरु | 400/00 |
| ९० | **सेकुवा तथा खाजा घर** | |
| | सेकुवा तथा खाजा घर | 1200/00 |
| ९१ | **माथी उल्लेख नभएका उद्योगहरुको हकमा** | |

| सि.नं. | विवरण | आ.व.०७७।७८ को लागि ब्याबसाय करका दरहरु |
|---|---|---|
| | ठूला उद्योग | 15000/00 |
| | मझौला उद्योग | 7500/00 |
| | साना उद्योग , घरेलु | 1500/00 |
| ९२ | **वर्क सप** | |
| | वर्क सप क | 2500/00 |
| | वर्क सप ख | 1500/00 |
| | वर्क सप ग | 1000/00 |
| ९३ | ढुवानी सेवा | |
| | ट्रक/ट्रिपर | 1500/00 |
| | ट्रयाक्टर/मिनि ट्रक/बुलेरो | 1000/00 |
| ९४ | **माथी उल्लेख नभएका अन्य पेशा व्यवसाय** | |
| | डिस्ट्रीबयुटर्स/थोक पसल | 3500/00 |
| | खुद्रा पसल श्रेणी क | 2500/00 |
| | खुद्रा पसल श्रेणी ख | 2000/00 |
| | खुद्रा पसल श्रेणी ग | 1500/00 |
| | सेवा प्रदायक अन्य व्यवसाय | 1500/00 |

**व्यवसाय दर्ता शुल्क (प्रथम पटकको लागी)**

| "क" वर्ग | "ख" वर्ग | "ग" वर्ग |
|---|---|---|
| रु.१,०००।- | रु.७००।- | रु.५००।- |

१. पूँजी लगानीको आधारमा रु.५ लाख सम्मलाई **"ग"**वर्ग, १० लाख सम्मलाई **"ख"** वर्ग र सोभन्दा माथिलाई **"क"** वर्ग मानिनेछ ।

२. माथि उल्लेख भएका व्यवसाय कर आश्विन मसान्त सम्म बुझाएमा १०% छुट हुने, कार्तिक - चैत्र मसान्त सम्म जरिवाना नलाग्ने र बैशाख १ गते देखि असार मसान्त सम्म १०% जरिवाना लाग्ने छ ।

- प्रत्येक वर्ष जरिवानाको दर १०% ले बढ्दै जानेछ ।

३. व्यवसाय प्रत्येक वर्ष तोकिए बमोजिम व्यवसायकर तिरेपछि व्यावसाय स्वत नविकरण हुनेछ ।

४. नगरपालिकामा व्यवसाय दर्ता भएपछि पान नं. को लागि नगरपालिकाले सिफारिस गर्नेछ ।

**५** वातावरण प्रदुषण कायम गर्ने उद्योगहरुको हकमा उद्योगसंग पर्यावरण शुल्क वापत वार्षिक रकम रु २५०००। अशुल गरिने छ ।

## अनूसुचि : **५**

आर्थिक ऐनको दफा ७ बमोजिम तपसिल बमोजिमको सवारी साधन कर लगाई असुल गरिनेछ ।

**क. वार्षिक सवारी कर तथा सवारी दर्ता शूल्क**

| सि.नं. | विवरण | अ. वार्षिक सवारी कर (रु. मा) | आ. पटके सवारी कर (आते जातेमा रु. मा) |
|---|---|---|---|
| ७ | ठेला/रिक्सा | १००।०० | - |
| ११ | विद्युतिय रिक्सा | १००।०० | ५।०० |

**अनुसूचिः ६**

आर्थिक ऐनको दफा ८  बमोजिम तपसिल बमोजिमको विज्ञापन कर लगाई असुल गरिनेछ।

**विज्ञापन कर :**

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १ | क) व्यवसायिक प्रयोजनका लागि सार्वजनिक, स्थल, सडक छेउमा राखिएको होर्डिङ बोर्ड, भित्ते लेखन आदिमा प्रति वर्ग फिट (साधारण) | ५0।00 |
| | क) व्यवसायिक प्रयोजनका लागि सार्वजनिक, स्थल, सडक छेउमा राखिएको होर्डिङ बोर्ड, भित्ते लेखन आदिमा प्रति वर्ग फिट (सूर्तिजन्य,मदिरा जन्य) | ७५।00 |
| २ | ख) तुल, व्यानर आदिमा १ पटकको लागि प्रति फिट | ५।00 |
| ३ | ग) तुल, व्यानर आदिमा (बढीमा एक महिना सम्मको लागि) प्रतिगोटा | ३,000।00 |

**अनुसूचिः ७**

आर्थिक ऐनको दफा ९  बमोजिम तपसिल बमोजिमको मनोरञ्जन कर लगाई असुल गरिनेछ।

**मनोरन्जन कर**

| सि.न. | विवरण | रकम |
|---|---|---|
| १ | सिनेमा हलको लागि वार्षिक | रु.१५000।00 |
| २ | केबल व्यवसाय वार्षिक | रु.५000।00 |
| ३ | इन्टरनेट व्यवसाय वार्षिक | रु.५000।00 |

- सर्कस देखाउनेलाई दैनिक रु.३00।-
- विषेश मेलामा राखिने मनोरञ्जनका साधनहरुलाई अनुमति दिंदा दैनिक रु.५000। का दरले अग्रीम बुझाउनु पर्ने।
- बजारमा अस्थाई घुम्ती वा स्टल/गाडीमा राखी सेवा प्रदान गर्नेलाई दैनिक रु.२00।-
- व्यवसाय प्रयोजनका लागि आयोजना गरिने मेला महोत्सवमा बिक्री भएको टिकट रकमको २ प्रतिशत रकम मनोरञ्जन वापत कर बुझाउनु पर्नेछ।

**अनुसूचिः ८**

आर्थिक ऐनको दफा १०  बमोजिम तपसिल बमोजिमको बहाल बिटौरी एवं हाटबजार कर लगाई असुल गरिनेछ।

**हाटबजार कर**

| सि.नं | पसलको विवरण | प्रत्येक पल्टको दररेट रु. |
|---|---|---|
| १ | किराना पसल,ब्लक, छाप्रो, प्रति छाप्रो | ४0।00 |
| २ | कपडा पसल प्रति पसल | ४0।00 |
| ३ | जुत्ता चप्पल प्रति पसल | ४0।00 |
| ४ | रेडिमेड कपडा प्रति पसल | ४0।00 |
| ५ | मसला तेल प्रति पसल | ४0।00 |
| ६ | चामल, चिउरा प्रति पसल | ४0।00 |
| ७ | तरकारी,ढकी तथा छिटि २ भन्दा माथि प्रति पसल | २५।00 |
| ८ | आलु प्याज प्रति पसल | ४0।00 |
| ९ | खुर्सानी अदुवा प्रति पसल | ३0।00 |

| | | |
|---|---|---|
| १० | आलु,हलुवा (सखरखण्ड) तरुल, कोवि प्रति टायर | ५०।०० |
| ११ | आलु,हलुवा (सखरखण्ड) तरुल, कोवि प्रति ट्याक्टर | १००।०० |
| १२ | सिलाई दोकान प्रति पसल | १०।०० |
| १३ | प्रति होटल | ४०।०० |
| १४ | कठघेरा भएको जुनसुकै प्रति पसल | ४०।०० |
| १५ | प्रचुन प्रति पसल | ३०।०० |
| १६ | वोका, खसि काटमार प्रति गोटा | २५।०० |
| १७ | कुखुरा किन्ने र विक्रि गर्ने संग प्रति गोटा दुर्वे तफैवाट रु १० | २०।०० |
| १८ | परेवा जोडी विक्रि गर्ने र खरिद गर्ने दुवै तर्फवाट ५।५ | १०।०० |
| १९ | सुंगुर/वंगुर काटमार प्रति गोटा | ५०।०० |
| २० | ठुलो रांगा काटमार प्रति गोटा | १५०।०० |
| २१ | साँनो रांगा काटमार प्रति गोटा | १००।०० |
| २२ | माछा प्रति पसल | ७५।०० |
| २३ | फलामको कृर्षिजन्य हतियार पसल | ४०।०० |
| २४ | छाप्रोमा माछा मासु नास्ता प्रति पसल | ४०।०० |
| २५ | चुरा प्रति पसल | २५।०० |
| २६ | सिद्रा सुकेको माछा प्रति पसल | ५०।०० |
| २७ | डोको नाम्लो कुचो प्रति पसल | २०।०० |
| २८ | मुरी कचेरी खाटमा राख्ने प्रति पसल | ३५।०० |
| २९ | माटोको भाडां प्रति पसल | २५।०० |
| ३० | हजाम भूइमा वस्ने प्रति पसल | १५।०० |
| ३१ | होटल प्रति पसल | ४०।०० |
| ३२ | मिठा प्रति पसल | ४०।०० |
| ३३ | घुंगी प्रति पसल | २०।०० |
| ३४ | जादु खेल खेलाउने | ५०।०० |
| ३५ | जुत्ता चप्पल सिलाउने प्रति पसल | २०।०० |
| ३६ | घडी टर्च लाईट विक्रि गर्ने प्रति पसल | ३०।०० |
| ३७ | ठेलामा आईसक्रिम, चिया नास्ता, फलफुल, चना चटपटे वेच्ने प्रति पसल | २५।०० |
| ३८ | सांध लगाउने प्रति पसल | २०।०० |
| ३९ | सुन चांदी प्रति पसल | ४०।०० |
| ४० | तामा, कागती, निवुवा प्रति पसल | १५।०० |
| ४१ | फोटो फ्रेम प्रति पसल | ३०।०० |
| ४२ | रंग, अविर तथा माला प्रति पसल | ३०।०० |
| ४३ | भांडा वर्तन प्रति पसल | ३०।०० |
| ४४ | धोवि प्रति पसल | ३०।०० |
| ४५ | सुर्ति प्रति पसल | २०।०० |
| ४६ | विउ विजन प्रति पसल | २५।०० |
| ४७ | तरकारी प्रति छिटि २ भन्दा मूनि | १०।०० |
| ४८ | खसी/वोका/बाखा/पाठापाठी/ खरिद विक्रि गर्ने संग प्रति गोटा रु. ३०।०० गरी दुवैको | ६०।०० |
| ४९ | कवाडी मालसामान प्रति ट्रक | १५००।०० |
| ५० | फलफुल तथा तरकारी प्रति भांगा ( ५० के.जी.भन्दा माथिको) | ५०।०० |
| ५१ | फलफुल तथा तरकारी प्रति क्यारेट/झोला/डोका( ५० के.जी.भन्दा मुनिको) | १०।०० |
| ५२ | धर्म काँटा | १,०००।०० |

## अनुसूचिः ९

आर्थिक ऐनको दफा ११ बमोजिम तपसिल बमोजिमको पार्किङ्ग शुल्क लगाई असुल गरिनेछ।

पार्किङ्ग शूल्क

| सि.नं. | विवरण | पार्कीङ शूल्क (रु. मा) |
|---|---|---|
| १ | बस,ट्रली, लहरी, हेभी गाडीमा | २५।०० |
| २ | भाडाका कार जिप, | १५।०० |
| ३ | भाडाको टेम्पो | १०।०० |
| ४ | निजी कार जिप | १०।०० |
| ५ | मिनि बस भाडा | १०।०० |
| ६ | मोटरसाइकल /स्कुटर | ५।०० |
| ७ | ठेला/रिक्सा | - |
| ८ | ट्याक्टर | १०।०० |
| ९ | पावर टेलर | ५।०० |
| १० | विद्युतिय रिक्सा | ५।०० |
| ११ | एक्जाभेटर/डोजर | १०।०० |
| १२ | व्याक हु लोडर/ रोलर | १०।०० |

## अनुसूचिः १०

आर्थिक ऐनको दफा १२ बमोजिम तपसिल बमोजिमको सेवा शुल्क तथा दस्तुर लगाई असुल गरिनेछ।

**क. अचल सम्पति मूल्याँकन तथा आयश्रोत प्रमाणित :-**

| सि.नं. | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | प्रति लाख | रु.५०।०० | |

**ख. सार्वजनिक सेवा उपयोग शुल्क (प्रति पटक)**

**सार्वजनिक शौचालय**

| सि.नं. | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | पिसाब गर्दा प्रति व्यक्ति | ५।०० | |
| २ | दिशा गर्दा प्रति व्यक्ति | १०।०० | |
| ३ | नुहाउंदा प्रति व्यक्ति | १०।०० | |

**ग. भवन निर्माण (नक्शा पास) दस्तुर**

पुराना भवन एवं संरचना अभिलेखीकरण प्रयोजनको लागि
– ७ महिना थप गर्ने

| सि.नं | भवनको प्रकार | वेसमेन्ट तल्ला | भूईतल्ला ( प्रति वर्ग फिट | पहिलो तल्ला | दोस्रो तल्ला ( प्रति वर्ग फिट | तेस्रो तल्ला र सो भन्दा माथि - प्रति |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | रु. ) | ( प्रति वर्ग फिट रु. ) | रु. ) | वर्ग फिट रु. ) |
| १ | आर .सि.सि.पिल्लर भएको | २।०० | ४।०० | ६।०० | ७।०० | ८।०० |
| २ | ढुंगा वा इटा वा ब्लकमा सिमेन्ट वालुवाको गारो - आर.सि.सि.को छानो भएको ) | - | २।०० | ३।०० | ४।०० | - |
| ३ | सिमेन्टको जोडाईमा ढुंगा वा इटा वा ब्लकको गारो -जस्ता वा टायलको छानो भएको ) | - | १।०० | २।०० | - | - |
| ४ | पटाहाको घेराबेरा लगाएतका कच्ची भवन | - | १।०० | २।०० | - | - |
| सि.नं. | कम्पाउन्डवालको प्रकार | | | प्रति रनिङ फिट रु. | | |
| १ | सिमेन्ट जोडाईको कम्पाउन्डवाल | | | ३।०० | | |
| २ | माटो जोडाईको कम्पाउन्डवाल | | | १।०० | | |
| ३ | तारवारको कम्पाउन्ड वाल(एकमुष्ठ) | | | ५०।०० | | |

**घ. नयाँ भवन एवं संरचना निर्माण प्रयोजनका लागि**

| सि.नं | भवनको प्रकार | राजमार्ग सडकको दायाँवायाँ वन्ने घर दर प्रति बर्ग फुट ( रु.मा) | शाखा सडकको दायाँवायाँ वन्ने घर दर प्रति बर्ग फुट ( रु.मा) | अन्य सडकको दायाँवायाँ वन्ने घर दर प्रति बर्ग फुट ( रु.मा) |
|---|---|---|---|---|
| १ | आर .सि.सि.पिल्लर भएको | | | |
| १.१ | वेसमेन्ट तल्ला | ५।०० | ४।०० | ३।०० |
| १.२ | भूईतल्ला | १०।०० | ७।०० | ५।०० |
| १.३ | पहिलो तल्ला | ११।०० | ८।०० | ६।०० |
| १.४ | दोस्रो तल्ला | १२।०० | ९।०० | ७।०० |
| १.५ | तेस्रो तल्ला र सो भन्दा माथि | १३।०० | १०।०० | ८।०० |
| २ | ढुंगा वा इटा वा ब्लकमा सिमेन्ट वालुवाको गारो (आर.सि.सि.को छानो भएको ) | | | |
| २.१ | भूईतल्ला | ४।०० | ३।०० | २।५० |
| २.२ | पहिलो तल्ला | ५।०० | ४।०० | ३।०० |
| २.३ | दोस्रो तल्ला | | | |
| ३ | सिमेन्टको जोडाईमा ढुंगा वा इटा वा ब्लकको गारो -जस्ता वा टायलको छानो भएको ) | | | |
| ३.१ | भूईतल्ला | २।०० | १।७५ | १।५० |
| ३.२ | पहिलो तल्ला | ३।०० | २।५० | २।०० |
| ४ | पटाहाको घेराबेरा लगाएतका कच्ची भवन | | | |
| ४.१ | भूईतल्ला | १।०० | १।०० | १।०० |
| ४.२ | पहिलो तल्ला | १।५० | १।५० | १।५० |
| सि.नं. | कम्पाउन्डवालको प्रकार | | | |
| १ | सिमेन्ट जोडाईको कम्पाउन्डवाल | ३।०० | ३।०० | ३।०० |
| २ | माटो जोडाईको कम्पाउन्डवाल | १।०० | १।०० | १।०० |
| ३ | तारवारको कम्पाउन्ड वाल ( एकमुष्ठ) | ५०।०० | ५०।०० | ५०।०० |

**नोटः व्यावसायिक भवनमा मापदण्ड र नियमानुसार सो ५० प्रतिशत थप दस्तुर समेत लाग्ने छ।**

**ङ. दण्ड जरिवाना**

क) नयाँ निर्माण

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १ | जगको कार्य सम्पन्न | नक्सापास दस्तुरको २५% |
| २ | डि.पि.सि.को कार्य सम्पन्न | नक्सापास दस्तुरको ३५% |

| | | |
|---|---|---|
| ३ | गाह्रो लगाउने कार्य सम्पन्न | नक्सापास दस्तुरको ५०% |
| ४ | ढलानको कार्य सम्पन्न | नक्सापास दस्तुरको ७५% |
| ५ | निर्माण कार्य सम्पन्न | नक्सापास दस्तुरको १००% |

**नोट :- उल्लेखित जरिवाना निर्माण भएको तल्लाको आधारमा लिईनु पर्नेछ ।**

ख ) तल्ला थपमा

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १ | गाह्रो लगाउने कार्य सम्पन्न | नक्सापास दस्तुरको ५०% |
| २ | ढलानको कार्य सम्पन्न | नक्सापास दस्तुरको ७५% |
| ३ | निर्माणको कार्य सम्पन्न | नक्सापास दस्तुरको १००% |

नोट :- उल्लेखित जरिवाना निर्माण भएको तल्लाको आधारमा लिईनु पर्नेछ ।

ग) गैर कानुनी रुपमा समातिएका ट्रक, ट्रयाक्टर, ट्रिपर ,लोडर भ्याकुरलाइ देहाय बमोजिम दण्ड जरिवाना लगाइनेछ ।

| सि.नं. | विवरण | दण्ड जरिवाना रकम |
|---|---|---|
| १ | ट्रयाक्टर | १५०००। |
| २ | ट्रिपर/ट्रक | २५०००। |
| ३ | लोडर/भ्याकुर | ६००००। |

**च. सिफारिश तथा अन्य सेवा शुल्कको दर :**

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १ | नेपाली नागरिकता सिफारिस | |
| | क) वंशज | १००।०० |
| | ख) वैवाहिक अंगिकृत | ५००।०० |
| | ग) प्रतिलिपि | १५०।०० |
| २ | राहदानी सिफारिश | २५०।०० |
| ३ | नाता प्रमाणित सिफारिश | |
| | क) नेपालीमा (मृतक संग) | १५०।०० |
| | ख) नेपालीमा (अन्य संग) | ३००।०० |
| | ग) अंग्रेजीमा | २५०।०० |
| ४ | नाम थर संशोधन सिफारिस | ५००।०० |
| ५ | विधुत/धाराको सिफारिश | |
| | क) घरायसी/कृषि | २००।०० |
| | ख) व्यापारिक | ४००।०० |
| | ग) औद्योगिक | १,०००।०० |
| ६ | विधुत/धारा नामसारी सिफारिस | ५००।०० |
| ७ | बसोबास प्रमाणित सिफारिश | |
| | क) वैदेशिक प्रयोजन | १,०००।०० |
| | ख) स्वदेशी प्रयोजन | २००।०० |
| ८ | जन्म मिति प्रमाणित सिफारिस | |
| | अंग्रेजीमा | २५०।०० |
| | नेपालीमा | १००।०० |
| ९ | जग्गा धनी दर्ता प्रमाण पूर्जाको प्रतिलिपि सिफारिस दस्तुर | २५०।०० |
| १० | घर निर्माण सम्पन्न प्रमाणपत्र | १०००।०० |
| ११ | घर नक्सा पास नामसारी | |
| | क) कच्ची घर | ५००।०० |
| | ख) १ तल्ले सम्मको पक्की घर | १,०००।०० |
| | ग) २ तल्ले सम्मको पक्की घर | २,०००।०० |
| | घ) २ तल्ले भन्दा बढिको पक्की घर | ५,०००।०० |

| | | |
|---|---|---|
| १२ | घर कायम सिफारिश | |
| | क) पक्की | १,०००।०० |
| | ख) कच्ची/साधारण | ५००।०० |
| १३ | घर/बाटो प्रमाणित (मालपोत रजिष्ट्रेशन प्रयोजनको लागि ) | |
| | मालपोत मूल्यांकन वा मालपोत मूल्यांकनमा नघटने गरी स्वघोषणा गरेको मूल्यांकन रकमको | ०.१० प्रतिशत |
| १४ | चारकिल्ला प्रमाणित | |
| | क) ५ कट्ठा सम्म | २००।०० |
| | ख) ५ कट्ठा देखि माथि १ विगाहा सम्म | ५००।०० |
| | ग) १ विगाहा भन्दा माथि | १,०००।०० |
| १५ | घरजग्गा नामसारी सिफारिश | ५००।०० |
| १६ | छुट जग्गा नामसारी सिफारिस दस्तूर (प्रति कट्ठा) | ५००।०० |
| १७ | छुट तथा आकडा जग्गाको सिफारिश (प्रति कट्ठा) | ५००।०० |
| १८ | विटौरी जग्गा नामसारी(मृत्यु भएका कारण नामसारी दा.खा.गर्नु परेमा) | ५००।०० |
| १९ | विटौरी जग्गा नामसारी, राजिनामा, वकसपत्र, अंशवण्डा आदिबाट हक हस्तान्तरण सिफारिश<br>अंश वण्डा घर बाटो सिफारिस लाखमा | ५००।००<br><br>२५।०० |
| २० | विटौरी जग्गा नामसारी(मृत्यु भएका कारण नामसारी दा.खा.गर्नु परेमा) | ५००।०० |
| २१ | मोही नामसारी सिफारिश | ५००।०० |
| २२ | पक्की घर निर्माणको लागि काठपात ल्याउने सिफारिस(प्रति क्यू.फि.) | १०।०० |
| २३ | कच्चीघर निर्माणको लागि काठपात ल्याउने सिफारिस(प्रति क्यू.फि.) | ७।०० |
| २४ | अंग्रेजी सिफारिस दिनु पर्दा आय श्रोत र अचल सम्पति बाहेकमा | १,२००।०० |
| २५ | संस्था दर्ता सिफारिस दस्तुर | ५००।०० |
| २६ | नाफामूलक संस्था दर्ता सिफारिस दस्तुर | १,०००।०० |
| २७ | निजी विद्यालय संचालन सिफारिश | ५,०००।०० |
| २८ | निजी विद्यालय कक्षा संचालन तथा स्तरबृद्धिको सिफारिश | ३,०००।०० |
| २९ | दलित जनजाति सिफारिस | १००।०० |
| ३० | चारित्रिक सिफारिस दस्तूर | १००।०० |
| ३१ | भारत जाने सिफारिस | १००।०० |
| ३२ | अन्य मुलुक जाने सिफारिश | ५००।०० |
| ३३ | व्यक्ति प्रमाणित | १००।०० |
| ३४ | मृत्यु प्रमाणित सिफारिश(व्यक्तिगत घटना लागु हुन भन्दा पूर्वको अवस्थामा ) | १००।०० |
| ३५ | अन्य प्रमाणित सिफारिश (व्यक्तिगत घटना दर्ता कार्यक्रम लागु नहुदैको अवस्थामा) | १००।०० |
| ३६ | विवहा सिफारिश(व्यक्तिगत घटना दर्ता कार्यक्रम लागु नहुदैको अवस्थामा) | १००।०० |
| ३७ | वैदेशिक खाता खोल्ने प्रयोजनको लागि सिफारिश | २००।०० |
| ३८ | पेन्सनरहरुको लागि जीवित रहेको भन्ने व्यहोराको सम्पर्क सिफारिश | १००।०० |
| ३९ | परिचय सिफारिश | १००।०० |
| ४० | पेन्सन प्रयोजनको लागि ठेगाना संशोधन सिफारिश | १००।०० |
| ४१ | छात्रवृति सिफारिश | निःशुल्क |
| ४२ | उपचार सहयोग सिफारिश | निःशुल्क |
| ४३ | बसाई सराई गरी अन्यत्र सामानहरु लिई जादा सिफारिश माग भई आएमा | १००।०० |
| ४४ | उद्योग स्थापना एवं ठाँउसारी सिफारिश | |
| ४५ | ठुला | १०,०००।०० |
| | मझौला | ५,०००।०० |
| | साना | २,०००।०० |
| | घरेलु | ५००।०० |
| ४६ | चारित्रिक सिफारिश | १००।०० |
| ४७ | जग्गा सम्वन्धि अन्य सिफारिश (हकभोक समेत) | १०००।०० |
| ४८ | सार्वजनिक यातायातका साधन नचलेको व्यहोराको सिफारिश | १००।०० |
| ४९ | दैवी विपत्ति वा भवितव्य परेको सिफारिश | निःशुल्क |
| ५० | हराएको प्रमाण पत्रको प्रतिलिपि सिफारिश | १००।०० |
| ५१ | पेशा व्यवशाय संचालनमा रहेको/वन्द रहेको अवस्थाको सिफारिश | १००।०० |
| ५२ | न.पा.मा कर चुक्ता गरे पछि दिईने कर चुक्ता सिफारिश | १००।०० |
| ५३ | परिवार ल्याएको ।नल्याएको सिफारिश | २००।०० |
| ५४ | विदेशी संग विवहा  सिफारिश | १,०००।०० |

| | | |
|---|---|---|
| ५५ | अपुताली प्रमाणित | |
| ५६ | क) नेपालको लागि | ५,०००।०० |
| | ख) विदेशको लागि | १५,०००।०० |
| | धारा जडान गर्दा न.पा.ले निर्माण गरेका ग्राभेल, कच्ची र पिच सडक कटान गरी लैजानु पर्ने भए लाग्ने दस्तुर रु. ३,०००।-, १५००।- र ४०००।- | |

**छ. सिफारिश तथा अन्य सेवा शुल्कको दर :**

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १ | निवेदन दस्तुर | १०।०० |
| २ | निवेदन फाराम मूल्य | २०।०० |
| ३ | नागरिकता अनुसूची /प्रतिलिपि फाराम दस्तुर | ५०।०० |
| ४ | व्यवशाय प्रमाणपत्र दस्तुर | ५०।०० |
| ५ | व्यवशाय नामसारी/प्रतिलिपि/साझेदार थप घट | २००।०० |
| ६ | एकिकृत सम्पति कर फाराम दस्तुर | निशुल्क |

**ज. अन्य सेवा शूल्कको दर :**

| सि.न. | सेवाको किसिम | दर | कैफीयत |
|---|---|---|---|
| १ | घर नक्सापास पुस्तिका | रु.१०००।०० | |
| २ | सर्जमिन मुचुल्का | रु.५००।० | |
| ३ | सामुदायिक मध्यस्थ सेवा | रु.१००।०० | |
| ४ | रकम कलम उठाई दिएवापत प्रतिहजार | १०% | |
| ५ | न.पा. हल भाडा प्रति दिन | रु.१,०००।०० | |
| ६ | ओभरहेड/साउण्ड सिस्टम/मल्टीमिडिया प्रतिदिन प्रतिआईटम | रु.१,०००।०० | |
| ७ | सबै खाले निवेदन फारामहरु प्रतिगोटा | रु.२०।०० | |
| ८ | मिलापत्र शुल्क (दुवै पक्षसँग आधा आधा) | रु.५००।००/५००।०० | |
| ९ | घर नम्वरिङ्ग प्लेट प्रति गोटा | रु.३००।०० | |
| १० | न.पा. को श्रोत नक्सा $A_3$साइज प्रति गोटा | रु.५०।०० | |
| ११ | विभिन्न नक्सा ठुलो साइजको प्रतिगोटा | रु.२००।०० | |
| १२ | विभिन्न नक्सा सानो साइजको प्रतिगोटा | रु.१००।०० | |
| १३ | टोल विकास संस्था दर्ता शुल्क/नविकरण | रु.५००।०० | |
| १४ | व्यवसायिक इजाजत प्रमाण पत्र वापत | रु.१००।०० | |
| १५ | स्थलगत प्राविधिक सेवा शुल्क | रु.१०००।०० | |
| १६ | घर खाली गर्ने | रु.१,५००।०० | |
| १७ | साँधसिमाना छुट्याउन पहिलो कित्ताको लागि | रु.२०००।०० | |
| १८ | त्यस पछि थप भएका प्रति कित्ताको लागी | ५००। | |
| १९ | रोलर भाडा (प्रति सिफ्ट) | ८५००।०० | का.पा.को निर्णयानुसार |
| २० | लोडर भ्याकुर (प्रति सिफ्ट) | ८५००।०० | का.पा.को निर्णयानुसार |

**झ. फोटोकपि/प्रतिलिपि सेवा शुल्क**

| क.सं | विवरण | २०७५।७६ |
|---|---|---|
| १ | कम्प्युटर प्रिन्टबाट प्रतिलिपि दिदा | ७.०० |
| २ | फोटोकपि शूल्क प्रति गोटा | ३.०० |
| ३ | नक्कल प्रमाणित दस्तूर प्रति कपि | ५.०० |

**ञ. निर्माण सामग्रीबाट हुने सडक अवरोध दस्तुरः**

| सि.न | विवरणप्रतिदिन प्रति व.मिटर | पिच सडक | कच्ची सडक | कैफियत |
|---|---|---|---|---|
| १ | शहरी क्षेत्रमा (ओगटेको क्षेत्रफलको आधारमा) | १।५० | १।०० | |
| २ | आवशीय तथा अन्य क्षेत्र (ओगटेको क्षेत्रफलको आधारमा) | १।०० | ०।५० | |
| नोट : सार्वजनिक आवागमनमा बाधा पुग्ने गरी निर्माण सामाग्री राख्न पाइने छैन । | | | | |

निजी बोर्डिङ्ग स्कुलहरुको स्तरवृद्धि शुल्कः

| सि नं | विवरण | रकम रु |
|---|---|---|
| १ | आधारभुत विद्यालय(१ देखि ५ सम्मको) | २०००। |
| २ | आधारभुत विद्यालय(६ देखि ८ सम्मको) | ३०००। |
| ३ | माध्यमिक विद्यालय (९ देखि १० सम्मको) | ५०००। |
| ४ | माध्यमिक विद्यालय (११ देखि १२ सम्मको) | ७०००। |

अनुसूचिः ११

आर्थिक ऐनको दफा १४ बमोजिम तपसिल बमोजिमको विटौरी कर लगाई असुल गरिनेछ ।

**विटौरी कर :**

| सि. नं. | विवरण | वार्षिक रकम रु. |
|---|---|---|
| १ | सडक क्षेत्रको ऐलानी तथा दर्ता छुट जग्गामा प्रति कठ्ठा गौरी डाँडा वडा नं.३ | १००।०० |
| २ | अस्थायी आवास प्रयोजनको लागी प्रति घरधुरी | पक्की ढलान ५००।००<br>कच्ची २००।०० |
| ३ | कृषि तथा अन्य प्रयोजनको लागी | १०।०० |

अनुसूचिः १२

(दफा १५ सँग सम्बन्धित)

## १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुरः

| सि न | विवरण | रकम |
|---|---|---|
| १ | ३५ दिन भित्रको घटना दर्तामा | दस्तुर निशुल्क |
| २ | ७० दिन भित्रको घटना दर्तामा | रु १०। दस्तुर लाग्ने |
| ३ | ७० दिन पछिको घटना दर्तामा | रु ५०। दस्तुर लाग्ने |
| ४ | प्रतिलिपि वापत | रु २००। दस्तुर लाग्ने |